बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

## तालिम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ मा संशोधन

तालिम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ मा संशोधन गर्न वाञ्छनीय भएकाले, उक्त कार्यविधिको दफा २२ को व्यवस्था एवं प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ (२) को व्यवस्था बमोजिम उद्योग, वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयले देहाय बमोजिमको संशोधन गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "तालिम सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>तालिम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ को दफा १६ मा संशोधनः</u> तालिम सञ्चालन सम्वन्धी कार्यविधि, २०८१ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा १६ को,-

१. उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) अनुसारको उत्पादित सामान वा वस्तुहरु प्रशिक्षार्थीहरुलाई परल मूल्यको साठी प्रतिशत छुट गरी बिक्री गर्ने र सो बिक्रीवाट प्राप्त भएको रकम प्रदेश सरकारको राजश्व खातामा दाखिला गर्नुपर्नेछ।"

२. उपदफा (२) पछि देहायको उपदफा (३) थप गरिएको छः-

"(३) उपदफा (२) बमोजिम बिक्री हुन नसकेमा कार्यालयले त्यस्ता सामानहरुको अभिलेख राखी उत्पादित सामानको प्रकृति र आवश्यकता अनुसार कोशेली घर, प्रदर्शनी गृह वा त्यस्ता स्थलहरु नभएमा जिल्ला/स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी, सामुदायिक विद्यालय/ अस्पताल, मानवसेवा आश्रम तथा वृद्धाश्रम जस्ता परोपकारी संस्थाहरु, स्थानीय तह वा अन्य सरकारी निकायहरुलाई निःशुल्क रुपमा वितरण गर्ने शर्तमा हस्तान्तरण गर्न सकिनेछ।"

३. <u>मूल कार्यविधिको दफा २३ मा संशोधनः</u> मूल कार्यविधिको दफा २३ को सट्टा देहायको दफा राखिएको छः-

"२३ <u>अमान्य हुनेः</u> यो कार्यविधिमा उल्लेख भएका विषयहरु प्रचलित कानूनसँग बाझिएको भएमा बाझिएको हदसम्म अमान्य हुनेछ।"

प्रदेश सचिव

माननीय बिन्दु श्रेष्ठ
मन्त्री

CamScanner